# खजुरा गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९

खजुरा कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।१०

**प्रस्तावना :-** खजुरा गाउँपालिका अन्तर्गतका निकायबाट निर्माण भएका सार्वजनिक पूर्वाधार एवम् गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनिय भएकाले खजुरा गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम खजुरा गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"खजुरा गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा :-** विषय प्रगङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा **:**

(१) **ऐन** भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(२) **सभा** भन्नाले खजुरा गाउँपालिकाको गाउँ सभा सम्झनुपर्दछ ।

(३) **कार्यपालिका** भन्नाले खजुरा गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(४) **अध्यक्ष** भन्नाले खजुरा गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(५) **उपाध्यक्ष** भन्नाले खजुरा गाउँपालिकाको उप-प्रमुख लाई सम्झनु पर्दछ ।

(६) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले खजुरा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(७) **समिति** भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्दछ ।

(८) सार्वजनिक सम्पत्ति भन्नाले खजुरा गाउँपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गा, यान्त्रिक उपकरण,विद्युतिय सामग्री, सवारी साधन लगायतको अचल सम्पत्ति सम्झनु पर्दछ ।

(९) **सम्बन्धित शाखा भन्नाले** मर्मत सम्भार कोषबाट व्यय हुने गरि मर्मत सम्भार गर्न जिम्मेवारी तोकिएको शाखालाई सम्झनु पर्दछ ।

(१०) **मर्मत सम्भार** भन्नाले सार्वजनिक सम्पत्तिको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(११) **पूर्वाधार** भन्नाले सडक, ढल, सडकपेटी, पुल पुलेसा, नहर, कुलो, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड साइट, खेलमैदान, सार्वजनिक शौचालय, साँस्कृतिक सम्पदाहरु आदिलाई सम्झनुपर्दछ ।

(१२) **कोष** भन्नाले खजुरा गाउँपालिकाको मर्मत सम्भार कोष सम्झनु पर्दछ ।

**३.कार्यविधिको उद्धेश्य :-** यस कोष स्थापनाका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन् ।

(१) गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक पूर्वाधार एवम् सम्पत्तिहरुको समयमै मर्मत सम्भार गरि ठिक दुरुस्त राख्ने ।

(२) कोष सञ्चालन सम्बन्धि प्रक्रियालाई सरल, स्पष्ट, पारदर्शि र व्यवस्थित बनाउने ।

(३) उपभोक्ता समिति, गाउँपालिका तथा अन्य सरकारी निकायहरुबाट निर्माण भएका पूर्वाधारहरु समयमै मर्मत सम्भार गरि भविस्यमा हुनसक्ने सम्भावित क्षतिबाट जोगाउने ।

(४) पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिहरुको मर्मत सम्भारका लागि स्रोत जुटाउन संघ, प्रदेश र अन्य निकायहरु सँग समन्वय गर्ने ।

(५) प्राकृतिक प्रकोप एवम् आकस्मिक रुपमा सार्वजनिक सम्पत्ति तथा पूर्वाधारमा पुगेको क्षतिको तत्काल मर्मत सम्भार गरि सुचारु गर्ने ।

(६) वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मतम सम्भार सम्बन्धि कार्यक्रम तयार गर्ने ।

## परिच्छेद-२

कोष स्थापना, सञ्चालन र प्रयोग

**४. कोष स्थापना र सञ्चालन :-**

(१) खजुरा गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिको नियमित मर्मत सम्भार गरि संरक्षण एवम् संवर्द्धन गर्न मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

(२) कोषका देहायको रकम जम्मा गरिनेछ ।

(क) सभाबाट कोषमा विनियोजित रकम,

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट मर्मत सम्भार कार्यका लागि प्राप्त रकम,

(ग) अन्य कुनै व्यक्ति, सरकारी निकाय, गैरसरकारी संघसँस्था तथा दातृ निकायबाट कोषलाई प्राप्त अनुदान रकम,

(घ) कोषको मौज्दात रकममा प्राप्त ब्याज तथा मुनाफा बाफतको रकम ।

(३) कोषको रकम कार्यपालिकाले तोकेको बैंक खातामा जम्मा गरिनेछ । उक्त कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिने छ ।

(४) मर्मत सम्भार कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**५.कोषको प्रयोग :-** खजुरा गाउँपालिकाको मर्मत सम्भार कोषको प्रयोग कार्यपालिका र अन्य सरकारी निकायहरुबाट यस गाउँ क्षेत्रभित्र निर्माण गरिएका सडक, पुलपुलेसा, सार्वजनिक भवन, खानेपानी लगायतका अन्य भौतिक पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिहरुको मर्मत सम्भार तथा आकस्मिक एवम् विपत्तिबाट क्षति भएको सार्वजनिक पूर्वाधारको मर्मत सम्भारको लागि प्रयोग गरिने छ ।

## परिच्छेद-५

## समितिको गठन, काम, कर्तव्य र अधिकार

**६. मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन :**

(१) गाउँपालिको मर्मत सम्भार कोष सञ्चालन र व्यवस्थापनका लागि एक कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |

३. प्रमुख प्रशासकिय अधिकृत सदस्य

४. पूर्वाधार विकास समितिको संयोजक सदस्य

५.आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

६. पूर्वाधार शाखा प्रमुख सदस्य

७. योजना शाखा प्रमुख सदस्य सचिव

(३) समितिको बैठक संयोजकले तोकेको समयमा आवश्यक्ता अनुसार बस्नेछ ।

(४) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, विज्ञ, कर्मचारी तथा अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) संयोजक तथा सदस्यहरुले बैठकमा भाग लिए बाफत कानुन बमोजिम बैठक भत्ता पाउनेछन ।

**७. समितिको काम, कर्तव्य र अधिकार :-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) मर्मत सम्भार गर्नुपर्ने योजना तथा कार्यक्रम छनौट गरि बजेट विनियोजनका लागि सिफारिस गर्ने ।

(२) गाउँपालिकाभित्रका सार्वजनिक पूर्वाधार एवम् सम्पत्तिको संरक्षण, संवर्द्धन तथा नियमित मर्मत सम्भारका लागि व्यवस्था मिलाउने ।

(३) गाउँपालिकाको भौतिक पूर्वाधारहरुको मर्मत सम्भारका कार्यक्रमहरु योजनाबद्ध रुपमा अघि बढाउन सम्बद्ध सबै निकायहरुसँग समन्वय गर्ने ।

(४) कोषको दिगोपनाका लागि आर्थिक श्रोत जुटाउन संघ, प्रदेश सरकार तथा अन्य दातृ निकाय एवम् संघ सँस्था सँग समन्वय गर्ने ।

(५) कोष वृद्धि, कोषको सञ्चालन तथा उपयोगका सम्बन्धमा आवश्यक नितिगत तथा कार्यान्वयनगत निर्णयहरु गर्ने ।

(६) कोषको आर्थिक लेखा प्रणाली एवम् प्रशासकिय कार्यहरुको निरिक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## कोष सञ्चालन प्रकिया र प्राथमिकता

**८. कोष सञ्चालन प्रकिया :-**

(क) नियमित मर्मत सम्भार :-

(१) सम्बन्धित शाखाले गाउँ क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार तर्फ मर्मत सम्भार गर्नुपर्ने कार्यको विवरण संकलन गरि समिति समक्ष पेश गर्नेछ ।

(२) शाखाबाट तयार भई पेश भएको मर्मत सम्भार कार्यक्रम/योजनाको प्राथमिकता र उपयुक्तताका आधारमा समितिको स्वीकृतीमा कोषबाट मर्मत सम्भार गर्न सकिनेछ ।

(ख) दुई लाख सम्म लागत अनुमान रहेको मर्मत सम्भार गाउँपालिका अध्यक्षको स्वीकृतिमा गराउन सक्नेछ । सो भन्दा माथिको रकमको मर्मत सम्भार गर्नु परेमा कार्यपालिकामा स्वीर्कतीमा गर्ने।

(ग) सम्बन्धित शाखाले नियमित तथा आकस्मिक कार्यका लागि गरिएको मर्मत सम्भारको चौमासिक रुपमा प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्नेछ । समितिले यस्तो प्रतिवेदन माथि आवश्यक छलफल गरि स्वीकृत बजेटको परिधि भित्र भएमा मर्मत सम्भारको स्वीकृती दिने । थप बजेट आवश्यक भएमा कार्यपालिकामा पेश गर्ने ।

(घ) मर्मत सम्भार गर्दा सम्बन्धित शाखाले (प्राविधिक) मर्मत सम्भार गर्नुपर्ने कार्य प्रचलित कानुन बमोजिम कोषबाट मर्मत सम्भार गर्नेछ ।

## परिच्छेद-५

## मर्मत कार्य, निर्माण सामग्री तथा इन्धन व्यवस्थापन

९. मर्मत गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरु प्रचलित कानुन बमोजिम कोषमा विनियोजित बजेटबाट खरिद गरिनेछ ।

१०. एक लाख सम्मको निर्माण सामग्री/मिस्त्री र ज्यामी सम्बन्धित शाखाले अधिकार प्राप्त अधिकारीको स्वीकृती लिई मर्मत सम्भार कोषबाट खर्च गर्ने गरि खरिद गर्न सक्नेछ ।

११. मर्मत सम्भार गर्नुपर्ने कार्यका लागि लाग्ने इन्धन मर्मत सम्भार कोषबाट व्यवस्था गरिनेछ । यस्तो मर्मत सम्भार कार्यमा प्रयोग हुने सवारीमा लाग्ने इन्धनको छुट्टै अभिलेख राखिनेछ । मर्मत सम्भारको लागि प्रयोग हुने सवारी साधनको अनिवार्य रुपमा लगबुक राख्नु पर्नेछ ।

१२. कालोपत्रे सडक, भवन, पुल, रिटेनिङ्ग वाल, खानेपानी जस्ता पूर्वाधार मर्मत गर्ने निर्माण कार्यको प्रचलित कानुन बमोजिम कोषबाट सञ्चालन गरिनेछ ।

## परिच्छेद-६

## विविध

१३.खरिद प्रक्रिया :- कोषबाट व्ययभार हुनेगरि सञ्चालन गरिने मर्मत सम्भारका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. सुपरभाइजर खटाउन सक्ने :- कार्यालयबाट हुने सार्वजनिक सम्पत्ति एवम् पूर्वाधारको मर्मत सम्भार कार्यको प्राविधिक रेखदेख गर्न सुपरभाइजर खटाउन सकिने छ ।

१५. मर्मत कार्यको अनुगमन :- मर्मत कार्यको अनुगमन पालिका स्तरिय अनुगमन समितिले गर्नेछ।

१६. मर्मत सम्भार कार्यको सुपरिवेक्षण :- कार्यालयबाट गरिने मर्मत सम्भार कार्यको सुपरिवेक्षण सम्बन्धित शाखाले गर्नेछ । अन्य प्राविधिक कर्मचारीलाई खटाउनु परेमा प्रमुख प्रशासकिय अधिकृतले खटाउनेछ ।

१७. लेखापरिक्षण :- कोषको आन्तरिक लेखापरिक्षण आन्तरिक लेखा परिक्षक अधिकृतबाट र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

१८. बाधा अड्काउ फुकाउने :- यस कार्यविधि कार्यान्वयन वा यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको सम्बन्धमा कुनै .दुविधा उत्पन्न भएमा वा समस्या परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

नृपराज उपाध्याय

प्रमुख प्रशासकिय अधिकृत

# खजुरा गाउँपालिका

# स्थानिय राजपत्र

खण्ड :४ संख्या :१ श्रावण २३ २०७९

## भाग-२


## खजुरा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको

## सूचना

### संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण

### कार्यविधि २०७९

सम्बत २०७९ सालको कार्यविधि नं. १

प्रस्तावना :

गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषय सँग सम्बन्धित योजना कार्यक्रम तथा आयोजना सम्बन्धि प्रस्तावको संक्षिप्त वातावरणिय अध्ययन वा प्रारम्भिक वातावरणिय परिक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयारी स्वीकृती प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनिय भएकोले गाउँपालिकाले वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७९ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाएको छ।

**खण्ड २) खजुरामा, श्रावण महिना २३ गते २०७९ साल संख्या ४**

**भाग :२**

## खजुरा गाउँपालिका

**खजुरामा गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत २०७९ सालको नीती नं. ४**

**कार्यविधिको नाम : खजुरामा गाउँपालिकाको सार्वजनिक-निजी साझेदारी नीती, २०७९**

## १.पृष्ठभूमी

१.१ गाउँपालिकामा आर्थिक वृद्धिलाई दिगो रुपमा हासिल गर्न आवश्यक सार्वजनिक पूर्वाधार/संरचना तथा सेवाहरु (जस्तै सडक, पुल, खानेपानी, सिंचाई, विद्युत लगायत विभिन्न पूर्वाधारहरु) को विकास अनिवार्य हुन्छ । पूर्वाधार सेवाहरुको निर्माण र सञ्चालनमा आवश्यक पर्ने साधन-स्रोत न्यून हुन्छ । तसर्थ सार्वजनिक-निजी साझेदारीको मान्यताको आधारमाा निजी क्षेत्रमा उपलब्ध साधन-स्रोत, सीप तथा प्रविधिलाई गाउँपालिकाको विकास कार्यमा आकर्षित गरि सार्वजनिक उपयोगका सम्पत्ति र सेवाको सञ्चालन कम खर्चिलो, प्रभावकारी र विश्वासनिय बनाउनु वाञ्छनिय छ ।

१.२ सार्वजनिक उपयोगका वस्तु तथा सेवाको उत्पादन /सिर्जना गर्ने, पूर्वाधार तथा सेवाहरुको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध व्यवस्थापकिय सीप, नवीनतम प्रविधि, उपयूक्त मानव संसाधन तथा पूँजीको समुचित प्रयोगलाई सुनिश्चितता प्रदान गर्दै आर्थिक विकासलाई गति प्रदान गर्न र राष्ट्रिय अर्थतन्त्रको सबलीकरणका साथै गाउँपालिकामा सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यसरी निर्माण भएका पूर्वाधार सेवाहरुको योगदान महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ ।